# प्रेश विज्ञप्ति

यस नमोबुद्ध नगरपालिकाको आन्तरिक श्रोतको रुपमा रहेको नगरपालिका क्षेत्रभित्रका खानी तथा खोला/नदि बाट उत्खनन/संकलन हुने रोडा, ढुङ्गा, बालुवा, माटो संकलन तथा विक्री शुल्क दस्तुर उठाउने सम्बन्धमा २०७६/०३/१७ (प्रथम पटक) देखि २०७६/१०/०१ सम्म (पाचौं पटक) पटक सम्म बोलपत्र सम्बन्धि सूचना आव्हान गरि सकिएकोमा चौथो पटकको सूचनाको म्याद भित्र समेत कुनै बोलपत्रदाताहरुले बोलपत्र पेश नगरेको र पाँचौ पटकको सूचनाको म्याद २०७६/११/०४ सम्म रहेको अवस्थामा ठेक्का नलागे सम्मको लागि वाध्य भई नगरपालिका आफैले उक्त कर संकलन गरिरहेको अवस्थामा विगत केहि दिन देखि यस नगरपालिकाको वडा नं. ७ नौविसे स्थित ढाट, आरुटार ओझागाँउ सडक र जनक मा.वि.चुहाने सडकवाट प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री/निकासी शुल्क संकलनका सम्वन्धमा विभिन्न माध्यमवाट प्राप्त जनगुनासोका सम्वन्धमा नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । यस सम्वन्धमा के कसो भएको हो विस्तृत अध्ययन गरी सत्य तथ्य पत्ता लगाई प्रतिवेदन दिन नगर कार्यपालिकाको मिति२०७६/१०/१५ को वैठकको निर्णयानुसार सार्वजनिक लेखा समितिका संयोजक एवं वडा नं. १० का वडा अध्यक्ष श्री रामकृष्ण उपाध्यायको संयोजकत्वमा वडा नं. २ का अध्यक्ष श्री संजिव ढकाल, वडा नं.७ का वडा अध्यक्ष श्री धर्मसिंह लामा र सदस्य सचिवका रुपमा लेखा शाखाका कम्प्यूटर अपरेटर श्री राजिव श्रेष्ठ सम्मिलित ४ सदस्यीय छानविन समिति गठन भई मिति २०७६।१०।१९ गतेबाट समितिले छानविनको कार्य प्रारम्भ गरी सकेको छ । साथै सोहि कार्यपालिकाको निर्णयानुसार राजश्व संकलनको कार्यमा खटाईएका कर्मचारीहरुलाई नगरपालिकामा फिर्ता वोलाई अन्य कर्मचारीहरुलाई जिम्मेवारी तोकी सकीएको व्यहोरा अवगत गराउदै समितिको प्रतिवेदन र अन्य तथ्य र प्रमाणका आधारमा दोषी उपर कानुन वमोजिम कारवाही गरीने व्यहोरा समेत सवैको जानकारीका लागि यो विज्ञप्ति जारी गरीएको छ ।

मितिः २०७६/१०/१९

नगर प्रमुख

नमोवुद्ध नगरपालिका

**टंक प्रसाद शर्मा**

**नगर प्रमुख**